राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## सिंहदरबारप्लाजा, काठमाडौं

## वार्षिक साधारण सभा सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०७९/०९/०७ गते)**

यस बैंकको सञ्चालक समितिको मिति २०७९/०९/०६ गते बसेको २५८२ औं बैठकको निर्णयानुसार बैंकको **१७ औं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशन गरिएको छ।

**(क) साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९/०९/२८ गते, बिहीबार।
समय : दिनको २:०० बजे।
स्थान : दरबारमार्ग स्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सभाहल।

**(ख) छलफलका विषयहरु :**

**(अ) साधारण प्रस्तावहरु**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बैंकको आ.व.२०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा तथा नोक्सान विवरण, सोही अवधिको नगद प्रवाह विवरण तथा शेयरधनी कोष परिवर्तनको विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।

(३) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप बैंकको २०७९ आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पूंजी रु.१३,९४,०३,५९,०९९।- को ७.५० (सात दशमलव पांच) प्रतिशतका दरले हुन आउने रकम रु.१,०४,५५,२६,९३२।४३ (अक्षरेपी एक अर्ब चार करोड पचपन्न लाख छब्बिस हजार नौ सय बत्तिस पैसा त्रिचालिस मात्र।) (कर प्रयोजनको लागि समेत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने।

(४) आ. व. २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजहरुको पारिश्रमिक निर्धारण गर्ने।

**(आ) विशेष प्रस्तावहरुः**

(१) बैंकका शेयरधनीहरुलाई २०७९ आषाढ मसान्तमा कायम चुक्ता पूंजी रु.१३,९४,०३,५९,०९९।- को ५ (पाँच) प्रतिशतले हुने रु.६९,७०,१७,९५४।९५ (अक्षेरुपी उनान्सत्तरी करोड सत्तरी लाख सत्र हजार नौ सय चौवन्न पैसा पन्चानब्बे मात्र।) बोनस शेयर (लाभांश) प्रदान गर्ने सञ्चालक समितिको प्रस्ताव पारित गर्ने।

(२) नेपाल सरकारबाट यस बैंकको शेयर पूंजीमा लगानी बापत प्राप्त रकम रु. १,००,००,००,०००।- (अक्षेरुपी एक अर्ब मात्र।) बैंकको जारी पूँजी र चुक्ता पूँजीमा थप गर्ने।

(३) विशेष प्रस्ताव नं. १ र २ बमोजिमका निर्णयहरु कार्यान्वयन गर्न बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सो सम्बन्धमा नेपाल राष्ट्र बैंक तथा अन्य नियामक निकायबाट कुनै संशोधन, परिमार्जन तथा निर्देशन भएमा सो बमोजिम परिमार्जन गर्न सक्ने अख्तियारी बैंकको सञ्चालक समितिलाई प्रदान गर्ने।

**(इ) विविध**

(१ ) स्वतन्त्र संचालकको नियुक्ति सम्बन्धमा साधारण सभामा जानकारी प्रदान गर्ने।

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको निमित्त मिति २०७९/०९/१८ गते शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्स्चेन्ज लि.मा मिति २०७९/०९/१७ गतेसम्म कारोबार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनीहरुले मात्र यस साधारण सभामा सहभागी हुन तथा आ.व. २०७८/०७९ को लाभांश पाउन योग्य हुनेछन्।

२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा हितग्राही नं. तथा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन दिउंसो १:०० बजे देखि २:०० बजे सम्म खुल्ला गरिनेछ।

४. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि बैंकको केन्द्रीय कार्यालय स्थित सञ्चालक समितिको सचिवालयमा दर्ता गराई सक्नुपर्नेछ। बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी सबै बदर हुनेछन्।

५. एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईनेछ।

६. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. दफा ३, ४ र ५ मा उल्लेखित दिन कुनै सार्वजनिक बिदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त कम्पनीको कार्यालय खुल्ला रहनेछ।

८. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछ।

९. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइसकेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।

१०. संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्धारा मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारम संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

११. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालयस्थित सञ्चालक समितिको सचिवालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। साथै अन्य जानकारीका लागि बैंकको वेवसाईट www.rbb.com.np मा हेर्न सकिनेछ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**